www.ganyapadhuramun.gov.np E-mail: ganapdhurarm@gmail.com mobile : 9848433969

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः२०७७।०४।१५)

प्रस्तुत विषयमा श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं./PMEP/२३ मिति २०७७।०४।१२ को पत्रानुसार यस गन्यापधुरा गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक **प्राविधिक सहायक** पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २०७७/०७८-००१ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीपः

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतकालागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको

(ग) उमेरः कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थानः गन्यापधुरा गाउँपालिकाको कार्यालय, गणेशपुर, डडेल्धुरा।

३. दरखास्त दिने अन्तिम मितिः२०७७।०४।२९(कार्यालय समयभित्र)

४. आवेदन दस्तुरः रु ६००।– (छ सय मात्र।)

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

९. राजश्व खाता नं.: ४१९९५२४१२०७००४ (नेपाल एस वि आई बैंक)

नोटः आवेदन फाराम गन्यापधुरा गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराइनेछ। साथै प्राविधिक सहायक पदको कार्य विविरण लगायत अन्य जानकारी www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

दिलिप कुमार हमाल
प्रमुख प्रशासकीय अधिकृत